## सम्वत् २०८२ साल चैत्र २ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन गरिएको प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने।

२. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट पेस भएको कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

३. मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको बैठकले परिमार्जन गरेको "आयोजनाको वर्गिकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२" स्वीकृत गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः हङ्कङमा रहेको गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, हङकङ र नेपाली महिला संघ, हङकङको संयुक्त आयोजनामा ११६ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउने कार्यक्रममा नेपाल सरकार र कोशी प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी सहभागी हुन भौतिक पूर्वाधार विकास मन्त्रालयका मा. राज्यमन्त्री शोभा चेम्जोङज्यूको हङकङ भ्रमण स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालयः प्रदेश खेलकुद विकास बोर्डको प्रशासनिक र आर्थिक अधिकार प्रयोग गर्न पाउने गरी उपसचिव दुर्गा प्रसाद सिग्देललाई जिम्मेवारी तोक्ने।

## सम्वत् २०८२ साल चैत्र १२ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेस भएको प्रदेश भवन नियमावली, २०८२ स्वीकृत गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः प्रदेश सरकारले दिने सार्वजनिक बिदा एवं पर्व बिदा स्वीकृत गर्ने।

३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय: आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रहेको मर्मत सम्भार र पुनर्निर्माण कोषमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रू १५,००,००,०००।— (अक्षेरेपि रु पन्ध्र करोड मात्र) जम्मा गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः क)आर्थिक वर्ष २०८३/८४ को लागि स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिले निर्धारण गरेको स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

समानीकरण अनुदान रु १,५०,००,००,०००।—(अक्षेरेपि रू एक अर्व पचास करोड मात्र) को अनुमानित सीमा स्वीकृत गर्ने, ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा ६क बमोजिम प्रदेश र स्थानीय तहवीच बाँडफाँड हुने स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिले निर्धारण गरेको सवारी साधन करको अनुमानित रकम रु ३,१५,००,००,०००।— (अक्षरेपि रु तीन अर्व पन्ध्र करोड मात्र) मध्ये स्थानीय तहलाई बाँडफाँड गर्ने ४० प्रतिशतले हुने रु १,२६,००,००,०००।— (अक्षरेपि रु एक अर्व छब्बीस करोड मात्र) अनुमानित सीमा स्वीकृत गर्ने।

५. खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयः कोशी प्रदेश सरकारको तर्फबाट खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय र आमादब्लम मिनि हाइड्रो लिमिटेडबीच हुने आयोजना विकास सम्झौता (PDA) स्वीकृत गर्ने विषय मन्त्रिपरिषद्, आर्थिक, समाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने।

६. भौतिक पूर्वाधार विकास मन्त्रालयः फिलिपिन्सको मनिलामा सन् २०२६ मे १९ देखि २२ सम्म आयोजना हुने "Asia and the Pacific Transport Forum 2026" कार्यक्रममा सहभागी हुन भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रदेश सचिव श्री मिलन आचार्यलाई मनोनयन गर्ने र निजको भ्रमण स्वीकृत गर्ने।

## सम्वत् २०८२ साल चैत्र २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोतको उपलब्धता एवं विषयगत मन्त्रालयको खर्चको प्राथमिकता र आवश्यकताका आधारमा रोक्का बजेट फुकुवा गर्ने।

४. कृषि कर्जामा व्याज अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यबिधि, २०८२ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने।"

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

५. प्रदेश बीउ बिजन नियमावली, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

६. प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

७. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको सदस्य डा. डिल्ली पोखरेलको राजीनामा स्वीकृत गरी श्री अनुराज पाठकलाई समितिको सदस्य तोक्ने।

८. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम कोशी प्रदेश सभाको चालू आठौं अधिवेशन मिति २०८२/१२/२३ गते सोमवार रातको १२:०० बजे देखि अन्त्य गर्न माननीय प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*